# नेपाल मजदूर संगठनको विधान

श्री ५ को सरकार, राष्ट्रिय निर्देशन मंत्रालय
प्रचार तथा प्रसार विभाग

321.6
HMG
2018

# नेपाल मजदूर संगठनको विधान

**१. नाम:–**

संगठनकोनाम "नेपाल मजदूर संगठन" रहनेछ।

**२. केन्द्रीय कार्यालय**

संगठनको केन्द्रीय कार्यालय काठमाडौंमा रहनेछ।

**३. उद्देश्यहरू:–**

संगठनको उद्देश्यहरू निम्नलिखित हुनेछ:–

(क) मजदूरहरूको निमित्त ज्याला मजुरीको व्यवस्था, शारीरिक सुरक्षा र अरू कल्याणकारी कार्य गर्ने।

(ख) मजदूर वर्गलाई देश नरेश-प्रतिको आफ्नो उत्तरदायित्व र कर्तव्यमा जागरूक राखेर

तिनको शक्तिलाई राष्ट्र-निर्माणमा लगाउने ।

**४ सदस्यता**

(क) संगठनको विधान र नियम स्वीकार गर्ने मजदूर नेपाल मजदूर संगठनको सदस्य बन्न सक्नेछ ।

(ख) प्रत्येक वर्ष सदस्यले ।२५ (पच्चीस) पैसा सदस्यता शुल्क बुझाउन पर्नेछ ।

(ग) प्रारंभिक तह बाहेक अरू सबै तहको कार्य समितिमा निर्वाचित सदस्य-हरूको अतिरिक्त साधारण सदस्यहरू मध्येबाट २ जना श्री ५ को सर-कारद्वारा र २ जना सभापतिद्वारा मनो-नीत गरिएका सदस्यहरू रहनेछन्, तर कुनै क्षेत्र, जिल्ला वा अञ्चलबाट एकभन्दा बढी सदस्य मनोनीत हुनसक्ने छैन ।

सचिव र कोषाध्यक्ष श्री ५ को सरकारद्वारा मनोनित सदस्यहरू नै हुनेछन् ।

## ५. संगठन

(क) प्रारंभिक संगठनः–

(१) घटीमा ५० सदस्यहरू भएको मील, कारखाना र कुनै त्यस्तो व्यवसायको स्थान वा तिनको समूहलाई यस संगठनको प्रारंभिक तह मानिनेछ ।

त्यस तहका सबै सदस्यहरू स्वतः प्रारंभिक परिषद्का सदस्य मानिनेछन् । तर, एक इकाइमा काम गर्ने जतिसुकै मजदूर भएपनि उनीहरूको एउटै प्रारंभिक संगठन हुनेछ । प्रारंभिक संगठनको यसै परिषद्द्वारा निर्वाचित एक कार्य–समिति पनि रहनेछ । सभापतिको निर्वाचन प्रारंभिक परिषद्का सदस्यहरूले गर्नेछन् ।

(ख) जिल्ला संगठनः–

(१) जिल्लाभित्रका सबै साधारण

सदस्यहरूबाट जिल्ला सभापतिको चुनाव हुनेछ ।

(२) जिल्लाभित्रका प्रत्येक प्रारंभिक परिषद्का ५० सदस्यको एक प्रतिनिधिका हिसाबले प्रतिनिधिहरू रही जिल्ला परिषद् बन्नेछ । यसरी प्रत्येक ५० सदस्यको निमित्त एक प्रतिनिधि लिंदा बाँकी रहने पछिल्लो संख्या ५० भन्दा कम, तर २५ भन्दा बढी छ भने त्यसको निमित्त पनि एक प्रतिनिधि हुनसक्नेछ ।

(३) जिल्ला तहको संगठनको लागि जिल्ला परिषद्मा कमसेकम २० प्रतिनिधि हुन आवश्यक छ ।

(४) जिल्ला परिषद्ले आफू मध्येबाट कार्य–समितिका ४ सदस्यहरू चुन्नेछ ।

(ग) अञ्चल संगठन:–

(१) जिल्ला परिषद् गठन भएको

जिल्लाबाट भए जिल्ला परिषद्का सबै सदस्यहरू र जिल्ला परिषद् गठन हुन-नसकेको, तर प्रारंभिक संगठन भएको जिल्लाबाट भए सो जिल्लाभित्रका सब प्रारंभिक कार्य समितिहरू प्रतिनिधि भएका ६ जना सदस्य समेत अञ्चल अधि-वेशनका प्रतिनिधि हुनेछ यी र यिनैले अञ्चल सभापति चुन्नेछन् ।

(२) अञ्चल अन्तंगका जिल्ला-हरूमा जिल्ला परिषद् गठन भएको जिल्लाबाट भए सो जिल्लाका कार्य–समितिका सदस्यहरू र जिल्ला परिषद् गठन हुन नसकेको, तर प्रारं-भिक संगठन भएको जिल्ला-बाट भए सो जिल्लाभित्रका सबै प्रारंभिक कार्य समिति-हरूको प्रतिनिधि स्वरूप

आएका ६ जना प्रतिनिधिहरू समेत भई अञ्चल परिषद् बन्नेछ । तर, २० भन्दा बढी सदस्यको जिल्ला परिषद् भएको जिल्लाबाट त्यहाँको कार्य समितिको सदस्यहरूको अतिरिक्त जिल्ला परिषद्का प्रत्येक थप ३ सदस्यहरूको लागि १ प्रतिनिधिका हिसाबले अञ्चल परिषद्मा रहन सक्नेछन् ।

(३) अञ्चल परिषद्ले अन्तर्गत जिल्ला संख्याको अनुपातमा साधारणतया प्रत्येक जिल्लाको २ प्रतिनिधिका हिसाबले कार्य समितिका लागि सदस्य-हरू चुन्नेछ । तर, अञ्चल परिषद्मा कुनै जिल्लाको ६ भन्दा बढी सदस्यहरू छन् भने प्रत्येक थप ३ सदस्यहरू मध्येबाट संबन्धित जिल्ला कार्य समितिको

निर्णय बमोजिम अञ्चल कार्य समितिमा थप १ सदस्य रहन सक्नेछ ।

(घ) केन्द्रिय संगठनः–

(१) सबै अञ्चल परिषद्का सदस्यहरू केन्द्रीय अधिवेशनका प्रतिनिधि हुनेछन् र यिनले केन्द्रीय सभापति चुन्नेछन् ।

(२) सबै अञ्चल कार्य समितिका सदस्यहरू केन्द्रीय परिषद्का सदस्य हुनेछन् ।

(३) केन्द्रीय परिषद्ले कार्य समितिको लागि १४ सदस्यहरूको चुनाव गर्नेछ । कार्य समितिमा साधारणतया प्रत्येक अञ्चलका १ सदस्य रहनु पर्नेछ र बढीमा दुइ सदस्यहरू सम्म रहनसक्ने छन् ।

(४) संगठनको कुनै तहको पदाधिकारी माथिल्लो तहको पदाधिकारीमा निर्वाचित वा मनोनीत भएमा तल्लो तहको

पदबाट स्वतः हटेको मानिनेछ ।

(५) श्री ५ को सरकारद्वारा मनोनीत भएको सदस्यले माथिल्लो स्तरको पदका लागि चुनावमा उम्मेदवार हुन सरकारको पूर्व स्वीकृति लिनु अनिवार्य हुनेछ ।

**६. कार्यावधि:–**

(क) संगठनको सबै तहको कार्यावधि साधारणतया २ वर्षको हुनेछ ।

(ख) संगठनको अघिल्लो परिषद् र कार्य समितिको कार्यावधि समाप्त भै अर्को परिषद् र सभापतिको गठन नहुञ्जेल कार्यावधि समाप्त भए पनि अघिल्लो परिषद् र समितिबाट नै कार्य सञ्चालन भई रहनेछ, तर यसको समय तीन महीनाभन्दा बढी हुनेछैन ।

७. केन्द्रीय परिषद्:–

(क) "केन्द्रीय परिषद्" ले निम्नलिखित कार्यहरू गर्नेछ:–

(१) संगठनको उद्देश्य प्राप्तिका लागि कार्यक्रम तथा तत्संबन्धी नीति निर्धारण गर्ने ।

(२) केन्द्रीय कार्य समितिद्वारा भएका कार्यहरूमा विचार गर्ने तथा कार्य समितिलाई निर्देशन दिने ।

(३) संगठनको बजेट स्वीकार गर्ने, आयव्ययको हिसाब अडिटरद्वारा जंचाई फारक दिने ।

(४) केन्द्रीय कार्य समिति वा त्यसका सदस्य वा केन्द्रीय परिषद्का कुनै सदस्य माथि अनुशासनको कार्यवाही गर्ने ।

(५) संगठनको विधानमा संशोधन गर्न आवश्यक देखिएमा श्री ५ को सरकारमा सुझाव पेश गर्नेछ ।

(ख) परिषद्को बैठक घटीमा वर्षको एक पटक हुनेछ ।

**८. केन्द्रीय कार्य समितिः–**

(क) केन्द्रीय कार्य समितिले निम्नलिखित कार्यहरू गर्नेछः–

(१) केन्द्रीय परिषद्द्वारा निर्धारित नीति र कार्यक्रमको कार्यान्वितिको लागि कार्य गर्ने।

(२) केन्द्रीय संगठनको दैनिक कार्य संचालनको लागि कार्यहरू गर्ने।

(३) तल्लो तहको संगठनलाई आवश्यकतानुसार नीति र निर्देशन दिने तथा अनुशासनको कार्यवाही गर्ने।

(४) केन्द्रीय संगठनको बजेट तथा कार्यक्रम तयार गरी केन्द्रीय परिषद्मा पेश गर्ने।

(५) केन्द्रीय संगठनको आयव्ययको हिसाब राख्ने तथा चल अचल संपत्तिको संरक्षण गर्ने।

(६) सभापतिद्वारा भएका कार्यहरू अनुमोदन गर्न विचार गर्ने।

(ख) केन्द्रीय कार्य समितिको बैठक

घटीमा वर्षको ३ पटक हुनेछ।

६. **सभापति:–**

(क) सभापतिले निम्नलिखित कार्य गर्नेछ:–

(१) संगठनको संचालनको प्रमुख उत्तरदायित्व वहन गर्ने।

(२) संगठनको दैनिक कार्य संचालन गर्ने।

(३) संगठनको तर्फबाट सरकार वा अन्य संस्थाहरूसंग संपर्क राख्ने।

(४) कुनै महत्वपूर्ण कमिशन, बोर्ड, सभा, संमेलन आदिमा संमिलित हुन सचिवको परामर्श लिएर प्रतिनिधि वा प्रतिनिधिमण्डल मनोनीत गर्ने।

(५) संगठनको कुनै सदस्यलाई संबन्धित परिषद्द्वारा पछि अनुशासनको कारवाही हुनेगरी वा नगरी निलम्बन गर्ने वा सदस्यताबाट हटाउने, तर श्री ५ को सरकारद्वारा मनो-

नीत सदस्यहरूलाई सदस्यता-
बाट हटाउन परेमा श्री ५ को
सरकारको पूर्व स्वीकृति
लिनु अनिवार्य हुनेछ ।

(६) संगठनको सबै तहको कार्य संचालनमा आवश्यक निर्देशन दिने ।

(७) कोषाध्यक्षले परामर्श लिएर आवश्यक परेमा अन्तर्गत संगठनहरूलाई अर्थिक सहायता प्रदान गर्ने ।

(८) केन्द्रीय कार्य समिति वा केन्द्रीय परिषद् वा आवश्यक परेमा अरू समितिहरूको सभाको सभापतित्व गर्ने ।

१०. **कोषाध्यक्ष**:–

(क) कोषाध्यक्षले निम्नलिखित कार्य गर्नेछ:–

(१) केन्द्रीय संगठनको बजेट तर्जुमा गर्ने, आयव्ययको हिसाब राखी दैनिक खर्चको सञ्चालन गर्ने ।

(२) केन्द्रीय कार्य समितिका तर्फबाट केन्द्रीय परिषद्‌मा बजेट र आयव्ययको हिसाब पेश गर्ने ।

(३) अन्तर्गतका संगठनलाई बजेट तथा आयव्ययको हिसाबका सम्बन्धमा परामर्श दिने ।

११. **सचिव**:–

(क) सचिवले निम्नलिखित कार्य गर्नेछ:–

(१) केन्द्रीय संगठनको दैनिक कार्य सञ्चालनमा सभापतिलाई मद्दत गर्ने ।

(२) केन्द्रीय संगठनको कार्यालयको सञ्चालन गर्ने ।

(३) सभापतिको निर्देशानुसार केन्द्रीय परिषद् तथा केन्द्रीय कार्य समितिको लागि कार्य-सूची तयार पारी सभा बोलाउने र सभाको निर्णय तयार गर्ने ।

१२. संगठनको प्रारंभिक, जिल्ला तथा अञ्चल तहका परिषद्, समिति र त्यसका पदाधिका-

रोहरूको आफ्नो क्षेत्रभित्र केन्द्रीय परिषद् कार्य समिति र त्यसका पदाधिकारीहरू सरहको अधिकार र कर्तव्य हुनेछ।

१३. **चुनाव:–**

संगठनका सबै तहका चुनाव गुप्त मतदान प्रणाली अनुसार हुनेछ।

१४. **गणपूरक तथा निर्णयात्मक संख्या:–**

(क) संगठनको परिषद् या समितिको सभाको गणपूरक संख्या सम्बन्धित परिषद् या समितिको सदस्य संख्याको चतुर्थांश हुनेछ।

(ख) जुनसुकै सभाको उपस्थितिको बहु संख्याको मत निर्णयात्मक मानिनेछ।

(ग) विधानमा संशोधन तथा अविश्वासको प्रस्ताव सम्बन्धी निर्णयका लागि जुनसुकै परिषद्को सदस्य संख्याको दुइ तिहाइ मत अनिवार्य हुनेछ।

१५. **अविश्वासको प्रस्ताव:–**

परिषद्का एक तिहाइ सदस्यहरूले आफ्नो क्षेत्रभित्रका सम्बन्धित पदाधिकारी माथि लिखित रूपमा अविश्वासको प्रस्ताव सचिव मार्फत परिषद्मा पेश गर्न सक्ने छन्।

१६. **हिसाब जांच:–**

संगठनको हिसाब जाँच गर्ने बेला बेलामा श्री ५ को सरकारले अडिटर खटाउन सक्नेछ ।

१७. **अस्थायी समितिहरू:–**

विधानमा उल्लेख गरे अनुसार संगठनको केन्द्र, अञ्चल तथा जिल्लामा विभिन्न परिषद् तथा समितिहरू गठन नहुञ्जेल संगठनको उद्देश्य प्राप्तिका लागि श्री ५ को सरकारले केन्द्र, अञ्चल तथा जिल्लामा अस्थायी समितिहरू मनोनीत गर्न सक्नेछ । यस किसिमका अस्थायी परिषद् तथा समितिको विधानमा लेखिए बमोजिम स्थायी परिषद् तथा समितिहरू सरहको अधिकार र काम हुनेछ ।

१८. **रिक्तस्थानको पूर्ति:–**

कुनै कार्य समितिमा पदाधिकारी वा सदस्यको कुनै स्थान खाली हुनगएमा चालू अवधिको निमित्त अर्को चुनाव नहुञ्जेल सो रिक्तस्थान पूर्ति गर्ने अधिकार संबन्धित कार्य समितिलाई हुनेछ । तर सभापति या श्री ५ को सरकारद्वारा मनोनीत सदस्यको

हकमा क्रमशः सभापति या श्री ५ को सरकारले नै मनोनीत गर्नेछ। सभापतिको अथवा अरू कुनै सदस्यको स्थान,रिक्त हुनआएमा सम्बन्धित परिषद्को बैठक नबसुन्जेललाई उसैको कार्य समितिले आफूमध्येबाट एकजनालाई सभापति मनोनीत गर्नेछ।

१६. **विधानमा संशोधनः-**

संगठनको अस्थायी केन्द्रीय कार्य समिति खडा भएको मितिले २ वर्षसम्म श्री ५ को सरकारले सो कार्य समितिलाई सूचित गरेर विधानमा संशोधन गर्न सक्नेछ। २ वर्षको अवधि पूरा भएपछि केन्द्रीय परिषद्को सुझावमा मात्र विधान संशोधन हुन-सक्नेछ।

---

श्री ५ को सरकार, राष्ट्रिय निर्देशन मन्त्रालय,
प्रचार तथा प्रसार विभाग।

प्रथम पटक २००० प्रति

श्रावण ३१ गते, २०१८ वि. सं.

गोरखापत्र छापाखानामा मुद्रित ।